# Press Note

बारा मिति २०७४।९।१६ गते

डिप्रोक्स लघुवित्त विकास बैंकको आयोजनामा बरिष्ठ कार्यक्रम सहायक र कार्यक्रम सहायकहरूको लागि Refresher Training सम्पन्न भयो । बारा जिल्लाको सिमरामा २०७४ पौष १५ र १६ गते संचालित उक्त तालिममा बैंकका २५ शाखाका ३१ जना कर्मचारीहरूको सहभागिता रहेको थियो भने बैंकका नायव प्रमुख कार्यकारी अधिकृत श्री मुरली प्रसाद लम्साल, प्रबन्धक द्वय बुद्धिराज घिमिरे, पवनराज पाठक र बरिष्ठ अनुगमन अधिकृत मधुसुदन हुंमागाईले प्रशिक्षण दिनु भएको थियो । उक्त तालिममा लघुवित्त संचालनका क्रममा आईपरेका समस्याहरूको समाधान, डिप्रोक्स लघुवित्त विकास बैंकका पद्धतीहरू, पद्धती संचालनमा देखिएको समस्याको समाधान, भाखा नाघेको कर्जा, यसले संस्थामा पार्ने प्रभाव, भाखा नाघेको कर्जा असुली प्रकृयाहरू, फिल्ड कर्मचारीहरूको काम कर्तव्य र अधिकार, लघुबीमा, कर्मचारी आचरण, सदस्यहरूसंग गरिने शिष्टाचार तथा व्यवहार, कर्जा विश्लेषण अवधारणा, अनुगमन, आ.ले.प. तथा नियमनकारी निकायबाट जारी गरिएका परिपत्र कार्यान्वयमा देखिएका समस्या र समाधानका उपायका बारेमा प्रशिक्षण दिईएको  थियो ।